लुम्बिनि प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)

## प्रशिक्षक सूचिकृत हुने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०५/२२

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका सीपमूलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधी, २०८२ को दफा ९ (२) बमोजिम बमोजिमको योग्यता पुगेका प्रशिक्षक र सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम | सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम |
|---|---|---|---|
| १. | Tile Marble Fitter (३९० घण्टे सीप परिक्षण समेत) | ५. | केराको थामबाट रेसा निकाली स्यानिटरी प्याड बनाउने तालिम |
| २. | Mobile Phone Repairing Training (३९० घण्टे सीप परिक्षण समेत) | ६. | अनाथ/अपाङ्ग बालबालिकाका लागि झोला बनाउने तालिम र प्रविधिमा सहयोग |
| ३. | Travel Agent (३९० घण्टे सीप परिक्षण समेत) | ७. | जुनियर गारमेन्ट तालिम |
| ४. | पटेर/थाकलबाट गुन्द्रि,ढकिया लगायत हस्तकलाका सामाग्री उत्पादन तालिम | ८. | ब्यूटिपार्लर तालिम ४५ दिने |

प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभवः

१. मुख्य प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयवाट सम्वन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्वन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्वन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयवाट सम्वन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

पुनश्चः

- परम्परागत तथा रैथाने प्रकृतिका सीपमूलक तालिम सञ्चालानका लागि प्रथम पटक सूचना प्रकाशन वमोजिम उल्लेखित योग्यता पुगेका प्रशिक्षक/ सहायक प्रशिक्षक सूचिकृत हुन नआएको हकमा सम्भव भए सम्म सोही प्रकृतिको कम्तिमा ३ वटा तालिममा प्रशिक्षकको रुपमा काम गरेको प्रशिक्षकलाई मुख्य प्रशिक्षकको रुपमा र २ वटा तालिममा सहायक प्रशिक्षकको रुपमा काम गरेको लाई सहायक प्रशिक्षकको रुपमा छनौट गर्न सकिनेछ ।
- माथी उल्लेखित तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- रोष्टरमा समावेश भएका प्रशिक्षक/सहायक प्रशिक्षकलाई कार्यालयले कार्यक्रम कार्यान्यिन गर्दा आवश्यकता अनुसार सहभागी गराउन सकिनेछ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
३. तालिम वा अनुभव प्रमाणपत्रको प्रतिलिपी ।

२०८२/०५/२२
(कार्यालय प्रमुख)
मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)

थप जानकारी लागि

यस कार्यालयको टेलिफोन नं. ०७८-५२०१६९ र मनोज कुमार चौधरी (उ.वि.स.) ९८४७०७९९८४

CamScanner